# नेपालको स्वदेशी उत्पादन र बजार सम्भावनाः आयात प्रतिस्थापनका ज्वलन्त सवालहरू

डा. उत्तम खनाल[1]


## सार

नेपालले स्वदेशी वस्तुको उत्पादन बढाउने र उक्त वस्तुको बजारलाई व्यवस्थित गर्ने काममा ढिला गर्नु हुँदैन । स्वदेशी वस्तुको उत्पादनले वजारको माग धानेको खण्डमा वाहिरी वस्तुको आयात स्वत घटेर जान्छ। निर्यात बढाउनका लागि स्वदेशी उत्पादन बढाउनु पर्छ। उत्पादन बढाउन स्वदेशी पूँजी परिचालन, स्थानीय स्रोत र साधनको उपभोग सहित उद्योगको प्रवर्द्धन गर्नु आवश्यक छ। स्वदेशी उद्योगको विस्तार गरी उत्पादन बढाउन नीतिगत, कानूनी र संरचनात्मक सुधार गर्दै अगाडी बढ्नुपर्छ । निर्यात बढाउन नसक्दा आयातको परिमाण अत्याधिक बढ्ने र देशको व्यापारघाटा चुलिदै जानेहुन्छ। व्यापारघाटा बढ्दै जाँदा देशको अर्थतन्त्र परनिर्भर हुने, अर्थतन्त्र संकुचित हुने, वेरोजगारी बढ्ने, उद्योग सञ्चालनमा समस्या आउने, राज्यको कामकारवाही थप कमजोर बन्ने जस्ता जोखिमहरु बढ्दै जान्छ। अहिलेको खुल्ला विश्व वजारमा कुनै पनि मुलुकले आफूलाई चाहिने सबै वस्तु तथा सेवाहरु उत्पादन गरेर पूर्ण रूपमा आत्मनिर्भर हुनसक्ने अवस्था छैन । विश्व अर्थतन्त्रमा अग्रपंक्तिमा रहेका अमेरिका र चीनले समेत आयात गरेको अवस्थामा नेपाल त्यो स्थानमा पुग्न कठिन छ तर उनीहरूको आयात र निर्यातमा कसरी सन्तुलन रहेको छ भनेर नेपालले स्वदेशी वस्तुको उत्पादन बढाएर वजार विस्तार गर्नुपर्छ। सानो अर्थतन्त्र भएको नेपाल जस्तो मुलुकमा निर्यातभन्दा आयातको परिमाण बढी हुँदा अर्थतन्त्र नै परनिर्भर र कमजोर हुनु सामान्य भैसकेको छ । नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष ०७७/७८ मा नेपालको कूल वैदेशिक व्यापारमा निर्यात र आयातको हिस्सा क्रमशः ८.४०% र ९१.६०% रहेको थियो । आर्थिक वर्ष ०७८/७९ को निर्यात र आयातको हिस्सा क्रमशः १०.९३% र ८९.०७% रहेको छ। चालु आ.व ०७९/८० को माघ मसान्त सम्ममा आयात ९१९१६५३४८ हजार, निर्यात ९३४३२३३८ हजार छ । समीक्षा अवधिमा व्यापार घाटा ८२५७३३००९ हजार रहेको छ। यस तथ्यांक हेर्दा नेपालको वैदेशिक व्यापार घाटा बढेर डरलाग्दो अवस्थातिर जाँदैछ। यस्तो अवस्थालई नियन्त्रण गर्न केवल स्वदेशी उत्पादन बढाउनुको कुनै विकल्प छैन । स्वदेशी उत्पादन बढाउँदै जान सकेको खण्डमा आर्थिक परनिर्भरता घट्ने र देश आत्मनिर्भरतातर्फ उन्मुख रहने हुन्छ ।


## १. पृष्ठभूमि

नेपाली अर्थतन्त्रलाई मजबुत र परनिर्भरताबाट न्यून गर्न आन्तरिक उत्पादन वृद्धि गर्नुपर्छ। आन्तरिक उत्पादन वृद्धि गर्दै निर्यात प्रवर्द्धनमा राज्यको नीति, योजना र कार्यक्रमको कार्यान्वयन सन्तोषजनक ढंगले हुनपर्छ जुन भैरहेको छैन। निर्यातजन्य भनेर किटान गरिएका वस्तुको पनि सन्तोषजनक उत्पादन नहुन र आयात नरोकिनु दुखद कुरा हो । नेपाल व्यापार एकीकृत रणनीति सन् २०१६ ले कृषिजन्य क्षेत्रतर्फ अलैंची, अदुवा, चिया र औषधीजन्य जडीबुटी, औद्योगिक उत्पादनतर्फ कपडा, छाला, जुत्ता, गलैंचा, पस्मिना तथा सेवा क्षेत्रतर्फ दक्ष र अर्धदक्ष जनशक्ति, सूचना प्रविधि र पर्यटन गरी १२ वटा क्षेत्रलाई मुख्य प्राथमिकता दिई निर्यातजन्य वस्तुका रूपमा परिभाषित गरिएको भएपनि यसको आयात रोकिएको छैन । सन् १९५० को दशकमा युद्धले थाङथिलो भएको दक्षिण कोरियाको अर्थतन्त्रमा राष्ट्रपति पार्क चुङ हीले निर्यातमुखी उत्पादन नीति अँगालेर आर्थिक

१ केन्द्रिय सदस्य, राष्ट्रिय आर्थिक सरोकार समाज, नेपाल

चमत्कार 'Economic miracle' गरेको यथार्थ नेपालले संघीयता कार्यान्वयन पश्चात पनि मनन् गर्न सकेन ।

स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्दै निर्यात प्रवर्द्धनलाई टेवा दिने उद्देश्यले राज्यस्तरमा विभिन्न नीति, योजना तथा कार्यक्रम लागू भए तर सरकारका ति नीति तथा कार्यक्रम, राष्ट्रिय बजेट र आवधिक योजनामा निर्यात प्रवर्द्धनलाई प्राथमिकतामा दिएको भएपनि त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा त्यस्ता नियमावली, नीति, योजना र कार्यक्रम कागजमा सीमित रहन गयो । हुन त अर्थशास्त्री अच्युत वाग्लेले बताए अनुसार सन् १९९७ र २०१५ बाहेक अरू वर्षमा प्रयाप्त विदेशी लगानी नेपालमा आउन सकेन जसले गर्दा स्वदेशी उत्पादनमा समेत नकारात्मक प्रभाव पर्न गयो ।

सुशासन सहितको विदेशी लगानी मात्र राष्ट्रको हितमा हुने भएकाले सबै खालका विदेशी लगानीलाई स्वागत गर्न नसकिने कुरा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको छ । नराम्रो खालको पैसाले अल्पकालमा केही विदेशी मुद्रा थपिएको देखिए पनि दीर्घकालमा राम्रो गर्दैन। यसकारण विदेशी लगानी सम्बन्धमा राज्यको नीति स्पष्ट बनाउनुपर्ने उनले बताए। विदेशी लगानीका सम्बन्धमा राज्य र निजी क्षेत्रको धारणा परिवर्तन गर्नु पर्छ अधिकारीले भने । विदेशी लगानी आउँदा हामी कमजोर हुन्छौं भन्ने धारणा निजी क्षेत्रमा रहेकाले त्यसलाई समस्याका रूपमा हेर्ने गरेको उनको आरोप छ। विदेशी लगानी भित्रिएकै कारण नेपालका केही संस्था पहिलेको तुलनामा धेरै प्रतिस्पर्धी भएको उदाहरण दिदै नेपालमा नीतिगत अस्थिरता रहनु अपेक्षित रूपमा विदेशी लगानी आउन नसक्नुको कारण भएको हो उनले भनेका छन् ।

मुलुकको व्यापार तथा निर्यातलाई प्रवर्द्धन गर्ने उद्देश्यले स्थापित “व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र” समेत तथ्यांक संकलन र विश्लेषणमै अल्मलि रहेको हुँदा त्यसको औचित्य माथि नै प्रश्न खडा भएकोछ। उल्लेख्य के हो भने मुलुकमा निर्यातजन्य वस्तुको प्रयाप्त उत्पादन हुन सकेको छैन भने गुणस्तर र प्रशोधन सुविधाको पनि समस्या रहँदै आएको छ। नेपाली उत्पादनले गुणस्तरका हिसाबले स्वदेशी उपभोक्ताको मन सजिलै जित्न सकेको देखिदैन । त्यसैले, विदेशी गुणस्तरीय वस्तुको आयात बढ्नाले स्वदेशी उत्पादनलाई मूल्य र गुणस्तर दुवैमा चुनौती थपिएको छ । प्रविधिको प्रयोग र उत्पादन लागतका दृष्टिकोणले सस्तो मानिने विदेशी गुणस्तरीय वस्तुसँग स्वदेशी उत्पादनले प्रतिस्पर्धा गर्न नसक्ने अवस्था सिर्जना हुँदा स्वदेशी मौलिक वस्तु विस्थापनको संघार तर्फ जाने खतरा उत्पन्न भएको छ ।

उल्लेखित ती विद्यमान चुनौतीलाई मनन गर्दै आन्तरिक उत्पादनलाई प्रोत्साहित गर्ने आयातलाई प्रतिस्थापन र परनिर्भरतालाई न्यून गर्ने उद्देश्यले “हाम्रो सामान, हाम्रै स्वाभिमान” नारासहित ‘मेड इन नेपाल, स्वदेशी उत्पादन नामक अभियान सुरु गरिएको छ। नेपालको समग्र अर्थतन्त्रमै सकारात्मक सुधार ल्याउन यस अभियान सफल हुनेमा विश्वास राखिएको छ । जनता आफैं जागरुक नभई ती लक्ष्य र उद्देश्य पूरा हुन सक्दैनन् । स्वदेशी उत्पादनको उपभोग, प्रोत्साहन र प्रवर्द्धन गर्नुपर्छ भन्ने चेतना जागरण गराउन यो अभियान सार्थक हुनेछ भनिए पनि सफल भएको छैन । उत्पादनको लागत र मुल्य आम उपभोक्ताको छनौटमा पर्दैन बरु गुणस्तर र त्यसको कमी मुल्य भएको वस्तु उनीहरुको प्रमुख छनौटमा परेको हुन्छ जसले उपभोक्तालाई सन्तुष्ट बनाउँछ ।

स्वदशी उत्पादन घटेर जाँदा नेपालमा निरन्तर आयात बढिरहेको छ। आयातको तुलनामा निर्यात निकै कम छ । भन्सार विभागको तथ्यांक अनुसार चालु आ.व को ६ महिनामा ७ खर्ब ९२ अर्ब ६६ करोड ६२ लाख ८९ हजारको वस्तु आयात भएको छ। प्रतिशतका हिसाबले यो ९०.७५% हो । यही अवधिमा ८० अर्ब ८० करोड ७४ लाख २१ हजार रुपैयाँको मात्रै निर्यात भएको भन्सार विभागको तथ्यांक छ । यो प्रतिशतका हिसाबमा ९.२५% हो अर्थात ९१% आयात हुँदा ९% मात्रै निर्यात भएको देखिन्छ। यसले नेपाली उत्पादनले वजार नपाएर स्वदेशी उत्पादन घटेको भन्ने तथ्यलाई स्वीकार्दैन । निर्यात भन्दा धेरै गुणा बढी आयात हुनु भनेको स्वदेशी उत्पादन कमी हुनु नै मुख्य कारण भएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रवक्ता

नारायण रेग्मीको छ । उत्पादन नहुँदा बाहिरी मुलुकबाट आयात गर्नुपर्ने हुन्छ र निर्यात कम हुनु भनेको बजारको माग अनुसार स्वदेशमा वस्तुको उत्पादन नहुनु हो ।

नेपालमा उत्पादन नहुने सबैभन्दा बढी आयात हुने वस्तुमा पेट्रोलियम पदार्थ हो भनेर भन्सार विभागको तथ्यांकले देखाएको छ । माघ महिनामा ७० अर्ब १० करोडको डिजेल आयात भएको छ भने ३३ अर्ब ५३ करोडको पेट्रोल आयात भएको छ । इन्धन लगायत विलासिताका वस्तुको आयात पनि अस्वाभाविक रूपमा बढेको छ । विलासिताकै वस्तुको सूचीमा रहेको सुन २९ अर्ब २० करोडको आयात भएको छ भने खाना पकाउने एलपी ग्यास २८ अर्ब २० करोड रुपैयाँको आयात भएको विभागको तथ्यांकमा उल्लेख छ । नेपालले भटमासको कच्चा तेल आयातमा २३ अर्ब ७५ करोड रुपैयाँ खर्च गरेको छ । फलाम आयातमा १९ अर्ब २२ करोड रुपैयाँ र कच्चा पाम तेल आयातमा १६ अर्ब २२ करोडको खर्च गरेको छ । समिक्षा अवधिमा १४ अर्ब ३२ करोडको मोबाइल सेट आयात भएको देखिन्छ । यसै अवधिमा १३ अर्ब ८ करोड रुपैयाँको पाम तेल निर्यात भएको छ तर यसमा खासै नाफाको मात्रा न्यून रहेको छ । भटमासको प्रशोधित तेल ८ अर्बको निर्यात भएको विभागको तथ्यांकले देखाउँछ । यसको तुलनामा नेपालबाट उत्पादन हुने वस्तुको आयात बढाउन नसक्नुको कारण वस्तुको कम उत्पादन, गुणस्तर र मूल्य विचको सम्बन्ध जस्ता बाधक तत्वहरुले प्रभाव पारेको छ ।

## २. समस्याको कथन

नेपालको वैदेशिक व्यापार घाटा दिन प्रतिदिन चुलिदो अवस्थामा रहेको छ । व्यापार घाटा बढ्दै जाँदा देशको कुल गार्हस्थ्य उत्पादनमा नकारात्म असरहरु बढ्दै जाने र उत्पादनका अंगहरुमा संकुचन आउने हुन्छ । चुलिदो व्यापार घाटालाई कम गर्न स्वदेशी वस्तुको उत्पादन बढाउनु आवश्यक हुन्छ । आफ्नै देशमा भएका उद्योगहरुबाट पूर्ण रुपमा वस्तुको उत्पादन बढाउन सके अर्थतन्त्र थप चलायमान हुन्छ । स्वेदशी उत्पादन घटेर जाँदा नेपालमा निरन्तर आयात बढिरहेको अवस्था आएको छ । नेपालमा आयातको तुलनामा निर्यात निकै कम रहेको छ । भन्सार विभागको तथ्यांक अनुसार चालु आ.व को ६ महिनामा ७ खर्ब ९२ अर्ब ६६ करोड ६२ लाख ८९ हजारको वस्तु आयात भएको छ । प्रतिशतका हिसाबले आयात ९०.७५% रहेको छ । यही अवधिमा ८० अर्ब ८० करोड ७४ लाख २१ हजार रुपैयाँको मात्रै निर्यात भएको भन्सार विभागको तथ्यांक छ । यो प्रतिशतका हिसाबमा ९.२५% हो अर्थात ९१% आयात हुँदा ९% मात्रै निर्यात भएको देखिन्छ । नेपाली उत्पादनले वजार नपाएर स्वदेशी उत्पादन घटेको भन्ने तथ्यलाई स्वीकार्दैन । निर्यात भन्दा धेरै गुणा बढी आयात हुनु भनेको स्वदेशी उत्पादन कमी हुनु नै मुख्य समस्याका रुपमा रहेको छ । यो समस्या समाधान भनेको नेपालमा वस्तुको उत्पादन क्षमता वृद्धि गर्दै स्थानिय स्रोत र साधनलाई अधिक प्रयोगमा ल्याउनु पनि हो । त्यसो गर्न नसकेको खण्डमा उत्पादनमा कमी आई बाहिरी मुलुकबाट वस्तुको आयात स्वतः बढ्न जान्छ । निर्यात कम हुनु भनेको बजारको माग अनुसार स्वदेशमा उत्पादन हुने वस्तुको उत्पादन क्षमता घटेर जानु पनि हो । स्वदेशी वस्तुको उत्पादन क्षमता बढाउने काममा लाग्न राज्यको तर्फबाट नीतिगत, योजनागत तथा कानूनी रुपमा समेत ढिलाई गर्नुहुँदैन । यस कार्यमा उद्योगी, व्यवसायी र आम सरोकारवाला समेत आ-आफ्नो ठाउँबाट लाग्न नसक्नु र उत्पादन बढाउन नसक्नु समस्याको मूल कथन हुन पुगेको छ ।

## ३. उद्देश्य

अन्तराष्ट्रिय बजारमा आफ्ना उत्पादनलाई अब्बल बनाउन, उपभोक्ताको छनोटमा अगाडि ल्याउन धेरै मेहनत गर्नुपर्छ । यतिवेला झापाको बिर्तामोडमा अलैंचीको प्रोशोधन गर्ने गरी उद्योग नै स्थापना गरिएको छ । यस उद्योगले लेबलिङ, प्याकेजिङ तथा फाइनल गुड्सका रूपमा उत्पादनलाई तयार गर्नेछ । उसले चारवटा उत्पादनलाई देशका मुख्य-मुख्य सहरमा लैजाने काम गरेको छ तर कम्पनीले उक्त उत्पादन

बढाउँदै फाइनल गुड्सका रूपमा विभिन्न देशमा पठाउने गृहकार्य गर्नु आवश्यक छ । यसका लागि स्वदेशी उत्पादन र औद्योगीकरण विस्तारमा साना तथा मझौला उद्योगको विकासमा जोड दिनुपर्छ । ठूला उद्योगहरू सञ्चालन गर्न उपलब्ध कच्चा सामग्रीको संभावना, वजार मूल्य, मानव संशोधनको अवस्था, नीतिगत र कानूनी प्रवधानहरु लगायतको अवस्था हेरिनुपर्छ । वर्तमान अवस्थामा नेपालका अधिकांश उद्योग परनिर्भर हुँदै जानाले स्वदेशी कच्चा वस्तु उपलब्ध हुने बजार के कस्तो छ भनेर लेखाजोखा गर्नुपर्छ । स्वदेशी कच्चा पदार्थबाट तयारी सामग्री उत्पादन हुन सकेमा न्यूनतम २००% भन्दा बढी लाभ उठाउन सकिने अवस्था छ । यसका पछाडि के कस्ता कारक तत्वहरुले बाधा व्यवधान खडा गर्दै आएको छ भनेर ध्यान दिनुपर्छ । देशले स्वदेशी वस्तुको माग धान्न सक्ने अवस्थामा जान उत्पादन वृद्धिगर्नु पर्छ । आजको विश्वमा नेपाल जस्तो देशको लागि यो निकै ठूलो उपलब्धि हुनसक्ने भएकाले यो अध्ययनको मुख्य उद्देश्य

(क) स्वदेशी उत्पादनको वजार र आयातको अवस्था विश्लेषण गर्नु र

(ख) आयात प्रतिस्थापनका उपायहरुको लेखाजोखा गर्नु रहेको छ ।

## ४. अध्ययन विधि

यस अध्ययनमा मुलत द्धितीय स्रोतबाट उपलब्ध भएका तथ्यांकहरु प्रयोग गरेर विश्लेषण गरिएको छ । अध्ययनको आधार भनेकै नेपालमा आयात प्रतिस्थापनका संभावनाहरु के कस्ता रेहका छन् र त्यसमा स्वदेशी उत्पादनले कस्तो भूमिका खेल्न सक्छ भनेर तथ्यगत आधारहरुको लेखाजोखा गर्ने प्रयास गरिएको छ । क्षेत्रगत रुपमा रहेका सबै प्रकृतिका तथ्यांकहरु अध्ययनमा प्रयोग गरिएको छैन । आयात र निर्यातको अवस्थालाई हेर्नको लागि त्यससँग सम्बन्धित ऐन, नियम तथा कानूनहरु र वि.स २०७७ देखि वि.स २०७९ साल सम्मका भन्सार विभाग र उद्योग विभागको तथ्यांक बढी मात्रामा प्रयोग गरिएको छ । यसको अलावा नेपाल राष्ट्रवैक, अर्थमन्त्रालय, घरेलु तथा साना उद्योग विभाग लगायतका क्षेत्रहरुबाट उक्त समय अवधिमा प्राप्त भएका सूचनाहरु अध्ययनमा प्रयोग गरिएकाले स्थलगत तथ्यांकको उपस्थिति प्राय शून्य रहेको छ । नमूना सर्वेक्षण नगरिएकाले यस अध्ययनले स-साना क्षेत्रमा अदृश्य रहेका सूचनाहरुको उजागर गर्न सकिएको छैन । अतः यो अध्ययनले पूर्ण विषय वस्तु माथि सबै पक्षको विश्लेषण गर्न विभिन्न खालाका तथ्यांक शास्त्रीय औजारहरुको प्रयोग नगरिएकाले यसबाट आएको नतिजालाई केवल प्रतिनिधिमुलक सूचकको रुपमा मात्र लिन सकिन्छ ।

## ५. निर्यात वृद्धिमा सकस

भन्सार विभागको तथ्यांक हेर्दा आ.व. २०७७।७८ मा ३ खर्ब २३ अर्ब ७७ करोडको कृषिजन्य वस्तु आयात भएको थियो । उक्त वर्ष उच्च परिमाणका खाद्यसामग्री आयात भएको थियो । चामलको आयात ५० अर्ब ७८ करोड मूल्यको थियो भने मकै १६ अर्ब, हरियो तरकारी ३८ खर्ब ५० करोड, फलफूल ३१ अर्ब ३४ करोड, खाने तेल ८२ अर्ब ९० करोड र चिनी १२ अर्ब २७ करोडको आयात भएको थियो । यि सबै वस्तु नेपाल आफैले उत्पादन गर्न सक्ने वातावरण थियो । आ.व २०७९/८० को माघ महिनाको व्यापारिक अवस्था हेर्दा कुल वैदेशिक व्यापार २०.८४% ले घटेको छ । निर्यात सबभन्दा बढी २९.०३% ले घटेको छ भने आयात १९.९% ले घटेको छ । समिक्षा अवधिमा ८ खर्ब २५ अर्ब ७३ करोड रुपियाँ व्यापार घाटा रहेको छ ।

समिक्षा अवधिमा नेपालले ५.५ अर्बको काँचो र फ्रोजन गरी साढे २१ करोड केजी आलु आयात गरेको छ । ति आलु भारत, बंगलादेश र इन्डोनेसियाबाट आएका हुन । प्याजमा पनि नेपालको परनिर्भरता बढ्नगई ३ अर्ब १५ करोड रुपैयाँ मूल्यको ८ करोड ६३ लाख केजी प्याज आयात भएको छ । २ करोड २१ लाख किलो दाल २ अर्ब ४४ करोड रुपैयाँ खर्चिएर आयात भएको छ । १ अर्ब ५५ करोडले १ करोड ८८ लाख किलो चना आयात गरिएको छ । करिब १ करोड ९ लाखको सिमि आयात भएको छ भने ७९ करोडको

बकुल्ला, ७७ लाख ७७ हजार किलो दलहन, ६० करोडको करिब ४४ लाख किलो लसुन आयात भएको छ।

गोलभेंडाको आयात पनि उच्च रहेको छ। नेपालले २ करोड १८ लाख किलो गोलभेंडा आयात गर्न २७ करोड ८७ लाख रुपैयाँ खर्चेको छ। ६ करोड ६० लाख रुपैयाँको च्याउ, ४ करोड ८ लाखको भेडेखुर्सानी, २ करोड ८७ लाखको सखरखण्ड, १ करोड ५२ लाखको बोडी र १ करोड ३६ लाख रुपैयाँको फर्सी समेत आयात भएको देखिन्छ। युरोपेली देश सर्बियाबाट च्याउ र ताइवानबाट भेडेखुर्सानी समेत नेपालमा आयात गरिन्छ । नेपालले थाइल्याण्ड, तान्जानिया, लेबनान, मदागास्कर, क्यानडा, रोमानिया, टर्की, ब्रजिल, मोजाम्बिक, दक्षिण अफ्रिका, भेनेजोलिया, इथेयोपिया, मालावीसबाट पनि तरकारी नेपालमा आयात गरेको छ।

आ.व २०७९/८० को माघ महिना सम्ममा ९ खर्ब १९ अर्ब १६ करोडको वस्तु आयात हुँदा निर्यात भने ९३ अर्ब ४३ करोड भएको छ। यस समयमा व्यापार घाटा सवा ८ खर्ब देखिएको छ भने कुल १० खर्ब १२ अर्ब ५९ करोड ७६ लाख बराबरको वैदेशिक व्यापार भएको छ। यस अवधिमा कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ९०.७७% र निर्यातको हिस्सा ९.२३% रहेको छ। समिक्षा अवधिमा भएको भएको वैदेशिक व्यापारबाट २ खर्ब १२ अर्ब १२ करोड ७४ लाख भन्सार राजस्व उठेको छ भने भारतबाट ५ खर्ब ७० अर्ब ९६ करोड ९७ लाख बराबरको आयात भएको छ। यस अवधिमा पौने २ खर्बको इन्धन आयात भएको छ भने १३ अर्ब ९२ करोड ६७ लाख बराबरको पाम तेल निर्यात भएको छ। ८ अर्ब २७ करोडको सोयाविन तेल, ४ अर्बको अलैंची र २ अर्बको चिया निर्यात भएको छ। चीनबाट १ खर्ब २५ अर्ब ५ करोडको सामान आयात हुँदा निर्यात ४२ करोडमा सीमित भएको छ। चीनसँग नेपालको व्यापार घाटा १ खर्ब भन्दा बढी छ। इन्डोनेसियाबाट ५७ अर्बको आयात हुँदा १० करोडको निर्यात भएको छ। युएईबाट २० अर्ब बढीको सामान आायत भएको छ। यस अवधिमा नेपालले गरेका आयातहरुमा पेट्रोल, डिजेल, मट्टीतेल, हवाई इन्धन र एलपी ग्यास, अप्रसोधित सोयाबिन तेल, फलाम, सुनजन्य वस्तु अप्रशोधित पाम आयाल र स्मार्ट रहेका छन्।

आ.व. २०७८/७९ मा नेपालले १६४ देशबाट १९ खर्ब २१ अर्बभन्दा बढीको सामान आयात गरेको थियो। भारतबाट १२ खर्ब १५ करोड २७ लाखभन्दा बढीको सामान आयात भएको थियो। १२ खर्बभन्दा बढीको सामान आयात हुँदा १ खर्ब ५५ अर्ब २२ करोड ३० लाख बराबरका सामान नेपालबाट निर्यात भएको थियो। नेपालले भारतसँग मात्र १० खर्ब ४४ अर्ब ९३ करोड ४ लाखभन्दा बढीको व्यापार घाटा व्यहोरेको थियो। चीनबाट २ खर्ब ६४ अर्ब ७८ करोड ३७ लाख बराबरको आयात हुँदा ८० करोड ८७ लाख ५४ हजार बराबरको सामान निर्यात हुँदा चीनसँग २ खर्ब ७३ अर्ब ९७ करोड ४९ लाख बराबरको व्यापार घाटा भएको थियो। नेपालले २ खर्ब ३० करोड ९६ लाख बराबरको स्वदेशी वस्तु निर्यात गरेको थियो। आ.व. २०७७/७८ मा नेपालले १ खर्ब ४१ अर्ब १२ करोड ४० लाखको वस्तु निर्यात गरेको थियो। आ.व.२०७७/७८ को तुलनामा आ.व २०७८/७९ मा आयात २४.७२% र निर्यात ४१.७४% ले वृद्धि भएको देखिन्छ।

नेपालको निर्यात व्यापार अघिल्लो वर्षको तुलनामा उल्लेख्य वृद्धि भइरहे पनि समग्रमा सन्तोषजनक देखिएको छैन। आ.व वर्ष २०७८/०७९ को अन्त्यतिर वैदेशिक व्यापार २० खर्ब नजिक पुगेपनि निर्यात भने एक खर्ब ८५ अर्ब ८३ करोड रुपैयाँमा सीमित रह्यो। १७ खर्ब ६३ अर्ब २२ करोड रुपैयाँको आयात र १५ खर्ब ७७ अर्ब रुपैयाँको व्यापार घाटाका अगाडि निर्यात सामान्य देखियो। समिक्षा अवधिमा पेट्रोलियम पदार्थमा तीन खर्ब ४० अर्बको आयात गरेको नेपालले कुल निर्यातबाट पेट्रोलियम पदार्थको आयात समेत धान्न सकेको छैन। नेपालले १६५ भन्दा धेरै मुलुकसँग वैदेशिक व्यापार गरेको भएपनि २५ मुलुक बाहेक अन्यसँग व्यापार घाटाको स्थितिमा छ। नेपालको वैदेशिक व्यापार पूर्ण रूपमा आयातमुखी बन्दै

जाँदा सरकारले प्रतिबन्धात्मक उपायहरू अवलम्बन गर्न सक्दैन । फलस्वरुप अन्तरिक उत्पादन नबढाई व्यापारघाटा कम गर्न गाह्रो छ । भारतले भन्सार शून्य बनाएपछि तेस्रो मुलुकबाट नेपालमा आयात भई प्रशोधन पश्चात भारत निकासी हुने वनस्पति घ्यू तथा तेलको निर्यात घटेको देखिन्छ । नेपालको कुल निकासीमा भटमासको तेलको हिस्सा २५.०६% छ भने पाम आयलको २०.४१% तथा सनफ्लावर आयलको २.४% रहेको छ । यी तीन वस्तुको मात्र निकासी हिस्सा करिब ४८% रहेको तथ्यांकले देखाउँछ ।

नेपालमा अलैंची व्यवसाय फैलिंदो क्रममा छ । निर्यातका हिसाबले हेर्ने हो भने झन्डै ९५% भन्दा धेरै अलैंची वाहिर जान्छ र बाँकी रहेको ४/५% आन्तरिक बजारमा खपत हुन्छ । गत वर्ष नेपालबाट ७ अर्ब ३० करोड रुपैयाँ बराबरको अलैंची निर्यात भएकोमा यो वर्ष मूल्य घटेर निर्यात कम हुने अनुमान छ । वर्षको सुरुवातमा नौ सयदेखि एक हजार रुपैयाँसम्म रहेका प्रतिकेजी अलैंची अहिले ७ सयदेखि ८ सयको हाराहारीमा मात्रै बिक्री भएको छ । नेपालमा उत्पादन भएको अधिकांश अलैंची भारतमा निर्यात हुने गरेको छ । भारतले भ्यालु एड गरी नेपाली अलैंचीलाई महँगोमा बेच्ने गरेको छ । नेपालले भ्यालु एड गर्न सक्यो भने धेरै विदेशी मुद्रा आर्जन गर्ने तर्फ सरकारको ध्यान जान सकेको छैन । मेसिनरी आयातमा भन्सार छुट, सहज वित्तीय सुविधा लगायत नीतिगत रूपमा प्राथमिकता दियो भने नेपाली अलैंची अन्तर्राष्ट्रिय बजारमा अब्बल बन्न सक्छ ।

अन्तर्राष्ट्रिय बजारमा आफ्ना उत्पादनलाई अब्बल बनाउन, उपभोक्ताको छनोटमा अगाडि ल्याउन धेरै मेहनत गर्नुपर्छ । यतिवेला झापाको बिर्तामोडमा अलैंचीको प्रोशोधन गर्ने गरी उद्योग नै स्थापना गरिएको छ । यस उद्योगले लेबलिङ, प्याकेजिङ तथा फाइनल गुड्सका रूपमा उत्पादनलाई तयार गर्नेछ । उसले चारवटा उत्पादनलाई देशका मुख्य-मुख्य सहरमा लैजाने काम गरेको छ । कम्पनीले उत्पादन बढाउँदै फाइनल गुड्सका रूपमा दुबई र कतारमा नेपाली अलैंची पठाउने गृहकार्य अन्तिम चरणमा छ ।

स्वदेशी उत्पादन र औद्योगीकरण विस्तारका लागि साना तथा मझौला उद्योगको विकासमा जोड दिएर ठूला उद्योगहरू सञ्चालन गर्न सकिन्छ । वर्तमान अवस्थामा नेपालका अधिकांश उद्योग परनिर्भर छन् । स्वदेशको कच्चा पदार्थले तयारी सामग्री उत्पादन हुनसकेमा न्यूनतम पनि २००% लाभ उठाउन सकिने अवस्था छ । स्वदेशी वस्तुको माग धान्न सक्ने उत्पादन गर्नु नै नेपाल जस्तो देशको लागि निकै ठूलो उपलब्धि हुनेछ ।

खाद्यान्नसँग सम्बन्धित वस्तुको मात्र आयात ४ खर्बको भइरहेको छ । त्यहाँ उत्पादन बढाउन सक्दा अर्थतन्त्रलाई राहत पुग्छ भने रोजगारीका लागि धेरै अवसरहरू खुल्न सक्छन् । कृषिप्रधान देशले वार्षिक खर्बैंको अन्न आयात गर्नुपरेको अवस्था छ । आन्तरिक उत्पादन बढाउन कृषि वा खाद्यान्नसँग मात्र सीमित पारिनु हुँदैन । उत्पादनदेखि उपभोग सम्म वेयरहाउस, स्थानीय सरकारहरूको भूमिका समेत जोडिएर आउँछ । वस्तुको उत्पादन बढाउन वित्तीय पहुँच, साधन तथा स्रोतको सम्मुचित प्रयोग हुनु उत्तिकै महत्वपूर्ण छ ।

व्यापार विज्ञहरूका अनुसार स्वदेशी वस्तुका लागि चाहिने कच्चा पदार्थ देशमा अभाव हुनु, बढी मूल्य अभिवृद्धि हुने वस्तु विदेशमा खोज नहुनु, गुणस्तर वस्तु तथा प्रमाणीकरणको अभाव लगायतका कारणले नेपालको व्यापारघाटा बढेर गएको छ । निकासीका क्षेत्रमा भएका नीतिको कार्यान्वयन पूर्ण नभएको कारणले थप समस्या आएको छ । विनिमय दर, आर्थिक प्रावधान, भन्सार शुल्क छुट र अरू प्रोत्साहनहरू दिने काम खासै भएको छैन । नेपालमा धेरैजसो निकासी कारोबारका प्रक्रिया र अभिलेख सरल नबनाउँदा व्यवसायीहरूले धेरै समस्या बेहोरिरहेका छन् । देशमा उत्पादन हन सक्ने फलफूल, खाद्यान्नको आयात समेत एकदमै बढेको छ । निकासी वृद्धिका लागि आवश्यक गुणस्तरसँग सम्बन्धित एक्रिडिटेसन बोर्ड अझसम्म निर्माण भएको छैन । निजी क्षेत्र वा सरकारी क्षेत्रको एक प्रयोगशालालाई अन्तर्राष्ट्रिय संगठन आइल्याकले मान्यता दिएपछि यस्तो मान्यता प्राप्त गुणस्तर परीक्षण निकायले अरू ल्याबलाई परीक्षण गर्दै

जानुपर्ने र प्रमाणपत्र दिँदै जानुपर्ने हुन्छ । यस्ता थुप्रै समस्या भोल्दै आएका निकासीकर्तासँग यस क्षेत्रका सम्भावना तथा चुनौती र केन्द्रीय बैंकले आगामी वर्षका लागि ल्याउने मौद्रिक नीतिमार्फत कसरी सम्बोधन गर्न सकिन्छ भन्ने विषयमा स्पष्ट पारेको छैन ।

## ६. नेपालको एउटै डट्पेन उद्योग रेन्कोको अवस्था

नेपालमा डट्पेन उत्पादन गर्न खोलिएको स्वदेशी उद्योगको नाम हो रेन्को । विराटनगरको तीनपानीमा रहेको यस डटपेन उद्योगले दैनिक २ लाख डटपेन उत्पादन गर्दै आएको कुरा कम्पनीका प्रबन्ध निर्देशक नविन भुनभुनवालाले बताए । नेपालमा डटपेन उत्पादनका लागि भारतको तुलनामा धेरै बढी लगानी हुन्छ,उनले भने, तर पनि कम्पनीले अन्य देशबाट आयात गरेको डटपेन जस्तै गुणस्तरमा ध्यान दिएर उत्पादन गरिरहेका छ । नेपालमा डटपेन उत्पादन गरी लाभ लिन सक्ने सम्भावना हुँदाहुँदै पनि उद्योग भने स्थापना गर्न नसक्नुको मुख्य बाधक राज्यको नीति रहेको संघका अध्यक्ष भण्डारीको भनाई छ ।

सरकारले आन्तरिक उत्पादन बढाउन प्राथमिकता दिन भनेर नीति निर्माण गरेको छ तर कार्यान्यवन भएको छैन । उत्पादन गर्ने भनिए पनि कच्चा पदार्थको लागि तेस्रो मुलुकमै भर पर्नुपर्ने अवस्था छ । कच्चा पदार्थ आयात गरी उत्पादन गर्दा निकै महंगो पर्दछ । रेन्को कम्पनीलाई डटपेन उत्पादन गर्न धेरै प्रकारका कच्चा पदार्थ आयात गर्नुपर्छ । तैपनि कम्पनीले बजारलाई सुहाउने तरिकाले धेरै नाफा नराखेर उत्पादन गरी बजारमा बिक्री गरिरहेको कम्पनीको भनाई छ । भारतबाट अत्यधिक मात्रामा चोरीको डटपेन भित्रिरहेकाले बजारमा उक्त डटपेन बिक्रीमा समस्या रहेको कुरा कम्पनीको छ ।

सरकारी तथ्यांक हेर्दा नेपालमा झण्डै ३५ हजार ६ सयभन्दा धेरै विद्यालयहरुमा ६५ लाखभन्दा धेरै विद्यार्थीहरु अध्ययनरत छन् । शिक्षकको संख्या ३ लाख २५ हजारभन्दाको हाराहारिमा छ । यि वाहेका सहकारी, संस्थान, निजामति, कम्पनी सहित अन्य क्षेत्रमा कार्यरत व्यक्तिहरुको संख्या ७ लाख १० हजारको आसपासमा रहेको छ । विद्यालयका विद्यार्थी र शिक्षक, अन्य क्षेत्रका कर्मचारी र व्यक्तिले मासिकरुपमा रुपमा २ वटा मात्र डटपेन प्रयोग गरेको खण्डमा महिनामा सरदर १६८५००० वटा डटपेन प्रयोग हुन्छ । आ.व २०७७/७८ मा नेपालले ८३ करोड ३७ लाख रुपैयाँ बराबरको २४ करोड १० लाख ८३ हजार डटपेन आयात गरेको थियो । पछिल्लो ३ महिनामा मात्र २१ करोड ९ लाख ७१ हजार रुपैयाँ बराबरको ५ करोड ७५ लाख ८८ हजारवटा डटपेन आयात भएको थियो । तीन महिनामा आयातित सो डटपेनबाट नेपालले ५ लाख ३ हजार रुपैयाँ भन्सार महसुल संकलन गरेको थियो । सरकारले राजस्व संकलन गर्ने भन्दा पनि रेन्को उद्योगलाई प्रबर्धन गर्दै नेपालमा चीन, भारत, जापान, जर्मनी र कोरियाबाट हुने डटपेन आयात विस्तारै निरुत्साही गर्ने वातावरण बनाउन पर्दछ ।

## ७. पर्यटन उद्योगको संभावना

नेपालमा पर्यटन विकासको विधिवत थालनी प्रजातन्त्र स्थापनालगत्तै सन् १९५२ बाट भएको हो । त्यसपछिको समयमा नेपालमा पर्यटन क्षेत्रको विस्तारै विकास र विस्तार हुँदैआएको देखिन्छ । सन् १९६२ मा करिब ६ हजारभन्दा बढी पर्यटक नेपाल भ्रमणमा आएकोमा सन् २०११ मा हवाई र स्थलमार्ग गरी करिब दश लाख पर्यटकले नेपाल भ्रमण गरेको देखिन्छ । यी दुई तथ्याङ्कले पछिल्लो समयमा नेपालको पर्यटन क्षेत्रमा उल्लेख्य वृद्धि भएको पुष्टि गर्छ । विश्वका विभिन्न मुलुकमा पर्यटन क्षेत्रको कुल ग्राहस्थ्य उत्पादनमा रहेको योगदान हेर्दा ल्याटिन अमेरिकी तथा क्यारेबियन क्षेत्रमा पर्यटनको योगदान कुल ग्राहस्थ उत्पादनमा उल्लेख्य रहेको पाइन्छ । यी मुलुकमा पर्यटन क्षेत्रको योगदान कुल राष्ट्रिय उत्पादनमा सन् २०१४ मा करिब १९% देखिन्छ । मेक्सिको, जमैकाजस्ता राष्ट्रहरूको हकमा यो अंक ज्यादै न्यून छ । राष्ट्रिय उत्पादन त्यसमा बाह्य पर्यटकहरूको आर्कषण आदिले पनि उक्त उद्योगको राष्ट्रिय अर्थतन्त्रमा पर्ने प्रभाव

फरक फरक रहन्छ ।

नेपाली अर्थ व्यवस्थामा पर्यटन क्षेत्रले महत्वपूर्ण स्थान ओगट्छ । नेपालमा विभिन्न मुलुकबाट बर्सेनि करिब ८ लाख पर्यटक भ्रमण गर्न आउँछन भने करिब २२,८२५ लाख वैदेशिक मुद्रा नेपालले यसबाट आर्जन गर्दै आइरहेको छ । यसले अर्थतन्त्रको कुल रोजगारीमध्ये २०% योगदान गरेको छ भने कुल ग्राहस्थ्य उत्पादनमा ३% योगदान गरेको छ । पर्यटन उत्पादन गतिविधिसँग सम्बन्धित उद्योग हो । यसले देश भ्रमण गर्न आएका पयर्टकहरूलाई वस्तु तथा सेवा उत्पादन गरी विक्री गरेर समेत अर्थोपार्जनमा सहयोग गर्छ । पर्यटनले नयाँ आर्थिक गतिविधि बढाउन मद्दत गर्नुका साथै भुक्तानी सन्तुलन, रोजगारी सृजना, कुल आम्दानी तथा उत्पादन वृद्धि जस्ता विभिन्न आथिक पक्षमा सकारात्मक योगदान पार्छ ।

नेपाली अर्थतन्त्रका मुख्य तीन आधारहरू क्रमशः कृषि, पर्यटन र जलस्रोत मध्येको एउटा महत्वपूर्ण आधार पर्यटन पनि हो । पछिल्लो समयमा भईरहेको दक्ष तथा अदक्ष मानव संसाधनको बहिर्गमनको दरले कृषि र जलस्रोतको विकासबाट भन्दा पर्यटन क्षेत्रको विस्तार र विकासबाट नेपाली अर्थतन्त्रलाई बढी चलायमान बनाउन सकिन्छ । पर्यटन क्षेत्रले मुलुकको कुल ग्रार्हस्थ उत्पादन तथा रोजगारीमा पुऱ्याएको योगदान विश्लेषण गर्दा पर्यटनलाई मुलुकको दिगो विकासको आधार हो भन्नुपर्छ । नेपाली अर्थ व्यवस्थामा पर्यटन विकास र विस्तारका लागि भौगोलिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक पौराणिक जस्ता प्रशस्तै संभावना र आधारहरु छन् । यी आधारलाई बलियोसँग गन्तव्य तर्फ लैजान नीति निर्माण तहदेखि नै लाग्दै सबै ढोकाहरु खुल्ला राख्नुपर्छ ।

नेपालको तराई, पहाड र हिमालमा बेग्लाबेग्लै रहनसहन, रीतिरिवाज, परम्परा हुनाले प्रकृतिको भिन्नतालाई बुझेर पर्यटनलाई सोही अनुरुप विकास गर्दै उत्पादनलाई एकैसाथ राष्ट्रिय स्तरमा जोड्न सकिन्छ । संघीय संरचना अन्तर्गतको सातवटै प्रदेशमा आ-आफ्नै विशेषता भएकाले पर्यटनमा दिगो विकासको लक्ष्य हासिल गर्न लक्षित कार्यक्रम संचालन गर्न सकिन्छ । निजी क्षेत्रबाट हुने लगानीलाई प्रोत्साहित गर्दै संभाव्य क्षेत्रमा पूर्वाधार विकास गर्न राज्य स्तरबाट विशेष ध्यान दिनुपर्छ । क्षेत्रगत उत्पादनलाई जोड दिंदै पर्यटकलाई स्थानीय स्तरमा उपलब्ध साधन तथा स्रोतको प्रयोगद्वारा उत्पादित वस्तु तथा सेवाहरुको प्रयोगका लागि आकर्षण गराई मुलुकको कुल ग्राहस्थ उत्पादनमा त्यसको योगदान बढाउन सकिन्छ । नेपालको भौगोलिक विकटता भित्र थुप्रै पर्यटकीय गन्तव्य स्थान रहेकाले प्राकृतिक तथा पौराणिक सम्पदाको उपलब्धता र सम्भावनाको खोजिलाई निरन्तरता दिनुपर्छ ।

## ८. उर्जा र जलस्रोतको विकास

सन् १९११ मा १५ सय किलोवाटको फर्पिङ जलविद्युतबाट सुरु भएको नेपालको जलविद्युत यात्रा वि.सं २०१८ सम्म आइपुग्दा ६३८० किवा विद्युत उत्पादन भएको थियो । वि.सं २०७७ मा आईपुग्दा नेपाल विद्युत प्राधिकरणबाट उत्पादित विद्युत ६३६.६९ मेगावाट छ र निजी क्षेत्रको विद्युत ७१२.०५ मेगावाट गरी नेपालमजम्मा १३४८.७४मे.वा. विद्युत उत्पादन भएको छ । वि.सं २०७९ सालमा २,२०० मेगावाटभन्दा बढी बिजुली उत्पादन भएको कुरा नेपाल विद्युत प्राधिकरणको तथ्यांकले देखाउँछ । त्यसैगरी हाल दैनिका १८० मेगावाट विद्युत भारतमा विक्रि हुँदै आएको छ । प्राधिकरणका अनुसार बिजुली धेरै खपत हुने समयमा नेपालले सुदूरपश्चिम क्षेत्रका लागि दैनिक ६० मेगावाटसम्म विद्युत भारतबाट आयात गर्दै आएकोछ ।

एक प्रक्षेपणले बताए अनुसार सन् २०१७/१८ मा पिकलोड १६४४ किलोवाट हुने, सन् २०२०/२१ मा पिकलोड २२२२ किलोवाट हुने, सन् २०२४/२५ मा पिकलोड ४०७८ किलोवाट हुने, सन् २०२६/२७ मा पिकलोड ४७०८ किलोवाट हुने देखिन्छ । नेपाललाई चाहिने विद्युत उत्पादन गरी आपूर्ति बढाउन गण्डकी आयोजना २२५ मेगावाट, अरुण प्रथम २०० मेगावाट, अरुण दोस्रो २०० मेगावाट, बुढीगण्डकी ६००

मेगावाट, कालीगण्डकी दोस्रो ५०० मेगावाट उत्पादन क्षमताको काम भैरहेका छन् । त्यसैगरी नेपालले आफूलाई चाहिने विद्युत उत्पादन गर्ने र दोस्रो ठूला जलविद्युत आयोजना निर्माण गरेर सस्तो दरमा भारत र बंगलादेशलाई बिजुली बेच्ने नीति लिनुपर्छ । भारतले चासो देखाएको योजनाहरू मध्ये पञ्चेश्वर ६७२० मेगावाट, कर्णाली १०००० मेगावाट र कोशी हाइड्याम ७००० मेगावाट जस्ता विशाल परियोजनाहरु पनि अगाडी बढाउन सक्ने संभावना रहेका छन् ।

भूधरातलीय हिसाबले तत्काल कम खर्चमा नेपालले १२ वटा बाँध बनाएर जलभण्डारण गरी हिउँदमा ५ सय क्युसेक पानीबाट १५ सय मेगावाट विद्युत उत्पादन गरी भारत र बंगलादेशलाई बेच्न सक्छ । त्यसैगरी यो पानी भारत र बंगलादेशलाई सिँचाइ र अरू कामका लागि उपलब्ध गराउन सक्छ । नेपालको सिँचाइ योग्य जमिन ३० लाख हेक्टर मध्ये १० लाख हेक्टरमा सिँचाइ भइसकेको छ । यो पानीले बाँकी भागमा सिँचाई गरेर कृषि उत्पादन मार्फत प्रशस्त आय आर्जन गर्न सक्छ ।

नेपालमा सिँचाइको समुचित विकास गरेर कृषि उत्पादकत्व बढाउन सकिन्छ । कृषिमा निर्भर रहेको ९०% जनशक्तिले कृषिबाट कुल राष्ट्रिय उत्पादनमा करिब ६६% योगदान गरेको छ । यसको योगदान बढाउन उत्पादन र उत्पादकत्व बढाउनु पर्छ त्यसका लागि सिँचाइ अनिवार्य हुन्छ । नेपालमा बग्ने अधिकांश खोलानालाहरूबाट सरदर २०० अर्ब क्युबिक पानी प्राप्त हुन्छ । तराईको जमिन मुनि करिब ६३ अर्ब क्युबिक पानी हुन सक्ने अनुमान गरिएको छ । यो पानीको परिमाणले नेपालको विकासका लागि निकै महत्वपूर्ण भूमिका खेल्न सक्छ । कञ्चनपुर योजनाबाट ६५०० हेक्टर सिँचाइ भएको छ । शारदा योजनाबाट धनुषा-सिराहामा २८०० हेक्टर, राप्तीबाट बाँकेमा ३८०० हेक्टर, लोथरबाट १२०० हेक्टर, राजापुरबाट १३०० हेक्टर, बारागंगाबाट ८००० हेक्टर, सुनसरी-मोरङबाट ६६००० हेक्टर, कोसीबाट २००००० हेक्टर, बबई सिँचाइबाट ४३००० हेक्टर, गण्डक योजनाबाट ४०००० हेक्टर, बबई योजनाबाट ४००० हेक्टर सिँचाइको सुविधा पुग्न गएको छ । यसका अलावा क्यानल नेटवर्क मार्फत पश्चिमदेखि पूर्वसम्मका पावरजोन एरियामा ति सबै नदीनाला जोड्न सके तराईका सबै भागमा सजिलैसँग सिँचाइ गर्न सकिन्छ । यसबाट राज्यले खर्वौंको आम्दानी गर्न सक्षम हुन्छ ।

## ९. जडिबुटीको विकास

नेपालमा विशेष गरेर जडिबुटी हिमाली, पहाडी र तराई क्षेत्रमा रहेतापनि विभिन्न पैदावरको प्रचुर सम्भावना रहेको छ । यसको समुचित विकास र सहि ढंगले संरक्षण कोषको सदुपयोग गरेर जनताको जीवनस्तर सुधार्न सकिन्छ । देशमा छरिएर रहेका औषधीयुक्त एंव सुगन्धित जडिबुटीहरु संकलन गरेर आय आर्जन बढाउन सकिन्छ । संकलित पैदावारहरु स्वदेशी उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराउन माध्यम बन्दछ । विदेशी वजारमा निकाशी गरी वैदेशिक मुद्रा आर्जन मार्फत रोजगारी सिर्जना र ठूलो राजस्व वृद्धि हुन सक्छ । यहाँका जडिबुटीहरुलाई समुचित रुपमा संकलन गर्ने र व्यावसायिक दृष्टिले उपयोगी हुन सक्नेलाई खेती मार्फत विकास गर्न सकिन्छ ।

नेपालमा ७०० प्रजातीका जडिबुटीहरुको पहिचान भएको छ । यसबाट बार्षिक ८० हजार टन भन्दा बढी जडिबुटी उत्पादन हुने गर्छ । विश्व बजारमा नेपाली जडीबुटीको बजार हिस्सा ०.२% ले ओगट्न सकेको विभिन्न अध्ययनले देखाएको छ । नेपालबाट विशेषगरी छिमेकी मुलुक भारत र चीनमा ९०% जडीबुटीहरू कच्चा पदार्थको रुपमा निर्यात हुँदै आएको छ । नेपालले बार्षिक ५.५ अर्व रुपैया बराबरको जडिबुटी निर्यात गर्दै आएको छ । भारतीय बजारमा प्रशोधित जडिबुटीहरुको माग आइरहेको छ । त्यसलाई पुरा गर्न जडिबुटीको समुचित संकलन र स्थानीय स्तरमै प्रशोधनको व्यवस्था मिलाउनु आवश्यक छ । यति गर्न सकेको खण्डमा गरीब तथा निम्न आय भई यो पेशा तथा व्यबसायमा आश्रित जनतालाइ लाभ पुऱ्याउन सकिन्छ । गाउँघरमा जडिबुटीबाट उपचार हजारौ बर्ष अगाडी देखि चल्दै आएको कुरा जडिबुटीको

परिचयमा अध्ययन गर्न सकिन्छ । नेपालमा तीन सय बर्ष अगाडि जयप्रताप मल्लले बैद्यखानाको स्थपना गरी नेपालमा विद्यमान जडिबुटीबाट आयुर्वेदिक औषधीको निमार्ण र उपचार कार्य थालनी भएका थिए ।

नेपालको क्षेत्रफल सानो रहेपनि भौगोलिक, जैविक विविधता र हावापानीले गर्दा प्राकृतिक सम्पदा भरिपूर्ण देखिन्छ । अहिले जडिबुटी हिमाली तथा पहाडि भेगका अधिकांस जनताको रोजीरोटीको रुपमा परम्परागत देखि चल्दै आएको छ । यसका अलावा जर्मनमा आयुर्वेदिक जडिबुटीबाट मदर टिङ्चर उत्पादन गरी विश्व सामु पु¥याउन सफल भए झैं नेपाललाई पनि जडिबुटीको हव बनाएर आर्थिक लाभ लिने प्रशस्त संभावनाका क्षेत्रहरु छन् । यसमा सरकारले नीतिगत तथा क्षेत्रगत संरचनामा सुधार गर्दै खेर जाने बडिबुटीलाई संकलन, प्रशोधन र ओसार पसारमा सहज वातावरण बनाउँदै सहयोगीको भूमिका खेल्नुपर्छ ।

## १०. स्वदेशी उत्पादन र उपभोग वृद्धिमा राज्यको प्रयास

व्यापारघाटा न्यूनीकरण गर्न, स्वदेशी कच्चा पदार्थमा आधारित र आयात प्रतिस्थापन गर्ने उद्देश्यले र सोही प्रकृतिका उपभोग्य वस्तुको उत्पादन तथा उपभोगलाई जोड दिन वर्तमान सरकारले आन्तरिक उत्पादन प्रयोगका लागि सम्पूर्ण सरकारी निकायलाई निर्देशन दिएको हो। विदेशी सामानभन्दा नेपालमा उत्पादित मालसामान १५% सम्म महँगो भएपनि श्वदेशी उत्पादन खरिद गर्न, सार्वजनिक निकायले आफ्नो उपयोगको लागि स्टेसनरी, फर्निचर, फिक्चर्स, मेसिनरी औजार लगायतका मालसामान खरिद गर्दा उपलब्ध भएसम्म नेपाली वस्तु नै खरिद गर्नुपर्ने सो नभएमा न्यूनतम ५०% स्वदेशी वस्तु खरिद गर्न सरकारले निर्देशन दिएको हो। १२ बुँदे जारी निर्देशनले स्वदेश उत्पादनको प्रयोगलाई जोड दिएको छ। स्वदेशी वस्तुको उपयोग गर्ने सम्बन्धी निर्देशिका, २०७१ ले दिएको अधिकार प्रयोग गर्दै सरकारले आफू मातहतको निकायलाई १२ बुँदे निर्देशन दिएको हो।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १७ बमोजिम कुनै विधि छनोट गरी खरिद गर्दा विदेशी वस्तु भन्दा नेपालमा उत्पादित वस्तु १५% सम्म महंगो भए पनि नेपाली मालसामान नै खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । अतिथि सत्कार एवं चिया, खाजामा अनिवार्य नेपाली उत्पादन प्रयोग गर्ने, स्वदेशी मालसामान वा वस्तुको उत्पत्तिको प्रमाणपत्रको विवरण नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग परिसंघ, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र र नेपाल चेम्बर अफ कमर्स एवं मातहतका निकायहरुले आफ्नो वेबसाइटमा प्रकाशन गर्ने काम गरेको छ । सार्वजनिक निकायले उक्त विवरणलाई आधार बनाई स्वदेशी वस्तु खरिद गर्नसक्ने, स्वदेशी मालसामान उत्पादन गर्ने उत्पादकहरुले सार्वजनिक निकायमा आफ्नो उत्पादनलाई सूचीकृत गराउनुपर्ने, प्रदेश तथा स्थानीय तहहरुले समेत स्वदेशी वस्तु उपयोग गर्नेसम्बन्धी यस निर्देशिकालाई मार्गदर्शनको रुपमा अवलम्बन गरी खरिद गर्ने निर्देशन दिइएको छ ।

निर्देशिकाको दफा १३ बमोजिमको सार्वजनिक निकायले स्वदेशी वस्तु खरिद गरेको विवरण प्रत्येक ३ महिनामा केन्द्रीय कार्यान्वयन तथा अनुगमन समितिमा विद्युतीय माध्यमबाट पठाउनुपर्ने छ । आयोग, मन्त्रालय वा मातहतका निकायहरुले आफू अन्तर्गतका कार्यालयको अनुगमन निर्देशिका बमोजिम गर्नुपर्ने हुन्छ। स्वदेशी वस्तु खरिद भए वा नभएको सूचकलाई प्राथमिकतामा राखी अनुगमन गर्ने, प्रदेश र स्थानीय तहले निर्देशिका कार्यान्वयनको संयन्त्र बनाई अनुगमन गर्नुपर्दछ ।

नेपालको औद्योगीकरण र उत्पादनमूलक अर्थतन्त्रको विकासका लागि “मेक इन नेपाल, मेड इन नेपाल” अभियान अघि सारेको छ । स्वदेशी उत्पादनको संरक्षण, निर्यातयोग्य वस्तु एवं तुलनात्मक लाभका वस्तुहरूको पहिचान र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गर्दै व्यापार घाटा न्यूनीकरण गर्ने सरकारको योजना छ । औद्योगीकरण र स्वदेशी उत्पादन अभिवृद्धिका लागि बजेटमा “उत्पादन वृद्धि अभियान दशक बर्ष २०७९-२०८९” सञ्चालन गर्दै नेपाली उत्पादनको वृद्धि, रोजगारी सिर्जना र निर्यात लक्षित व्यापार

अभिवृद्धिका लागि प्रधानमन्त्री नेपाली उत्पादन एवं उपभोग अभिवृद्धि कार्यक्रम घोषणा गरिएको छ ।

निजी क्षेत्रलाई आर्थिक वृद्धिको इन्जिनको रूपमा अघि बढाउने घोषणाले नेपालको निजी क्षेत्रको विकासमा योगदान पुग्ने देखिन्छ। उत्पादनमूलक उद्योगको स्थापनामा प्रोत्साहन गर्ने, लघु, घरेलु एवं साना उद्योगलाई अग्र एवं पश्च एकीकरणमा जोड्ने घोषणाले साना व्यवसायको प्रवर्द्धनमा योगदान पुग्ने देखिन्छ । उच्च आर्थिक वृद्धिको लक्ष्य हाँसिल गर्न सार्वजनिक एवं निजी क्षेत्रबाट आवश्यक रूपमा स्रोत परिचालन जरुरी भएको छ । यति गर्न सकेमा वस्तुको उत्पादन, निर्यात प्रवर्द्धन र आयात प्रतिस्थापन गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्दै औद्योगीकरण र कृषिलाई केन्द्रबिन्दुमा राख्दै आएको छ। नेपाली अर्थतन्त्रको स्वरूप परिवर्तन गरी उत्पादनमूलक अर्थतन्त्रको जग बसाल्ने घोषणा राज्यले गरेको छ। यसबाट नेपालमा उत्पादन भएका वस्तु उपभोग अभिवृद्धि भई स्वदेशी उद्योग विस्तारमा योगदान पुग्ने बुझाइ छ।

विदेशी लगानीलाई निजी क्षेत्रले बाधक नभए साधकको रूपमा लिनुपर्ने वातावरण बनेको खण्डमा विदेशी लगानीले पुँजी, प्रविधि, व्यवस्थापकीय सीप, उत्कृष्ट कार्यशैली ल्याउने भएकाले स्वदेशी लगानीकर्ता र उत्पादनका लागि लाभदायक हुने देखिन्छ। विदेशी लगानी भित्रिएकै कारण नेपालका केही संस्थाहरू पहिले भन्दा धेरै प्रतिस्पधी भएका उदाहरणहरु छन् । विदेशी लगानीमा उत्पादन भएका वस्तु तथा सेवाहरूको गुणस्तरमा राम्रो रहेको पनि देखिन्छ। आधुनिक प्रविधि र व्यवस्थापनका क्षेत्रमा गुणात्मक फड्को मार्ने गरी विदेशी लगानी आकर्षित गर्नुपर्ने र वैदेशिक लगानी आउँदा प्रविधि र व्यवस्थापनका क्षेत्रमा गुणात्मक फड्को मार्न सकिन्छ। नेपालले विमानस्थल, पर्यटन, जलविद्युत, सुरुङ निर्माण लगायत क्षेत्रमा वैदेशिक लगानी ल्याउनुपर्ने देखिन्छ। ठूला जलविद्युत आयोजनामा पनि वैदेशिक लगानी चाहिएको छ र सुरुङ मार्गहरूमा पनि वैदेशिक लगानी ल्याउन सकिन्छ ।

## ११. स्वदेशी उत्पादनले आयात घट्ने

स्वदेशी वस्तुको निर्यात बढाउन विदेशस्थित कूटनीतिक नियोग तथा राजदूतावासमा वास्तविक रूपले आर्थिक, कूटनीतिक गतिविधि बढाउन राज्यले पहल गर्नुपर्छ। विदेशबाट अनियन्त्रित रूपमा भित्रिने महँगा सामानको नियन्त्रण, भन्सार ठगीमा रोक तथा अवैध व्यापार एवं आयात नियन्त्रण गर्ने व्यापारघाटा कम हुन्छ । सरकारले वैदेशिक व्यापारमा पारवहनको खर्च न्यूनीकरण गर्न सरोकारवाला पक्ष बीच समन्वय गर्दै हल्दियामा निर्माणाधीन 'इङ्ल्यान्ड वाटरवेज टर्मिनल'को उपयोग गर्ने भनिएको छ । हल्दिया समुद्री बन्दरगाह नजिकै रहेकाले नेपाल भारत विचको व्यापारमा यसलाई महत्वपूर्ण मानिन्छ। हल्दियामा निर्माण भइरहेको वाटरवेज टर्मिनल उपयोगको विषयलाई पनि जलमार्ग प्रयोगको विषयसँग जोडेर निष्कर्षमा पुग्न सके ढुवानी खर्च निकै कम हुने छ। तुलनात्मक रूपमा समुद्रपार व्यापारमा जलमार्ग सस्तो हुने भएकाले यसलाई प्राथमिकतामा राखिँदै आएको छ। भारतले सन् २०१८ मा यो जलमार्ग प्रयोगमा ल्याइसकेको छ भने विश्व बैंकले यस्ता पूर्वाधार विकासमा १४० अर्ब भन्दा धेरै डलर खर्चेको छ।

यस वर्ष नेपालको आर्थिक वृद्धिदरबारे सरकार, विश्व बैंक र एसियाली विकास बैंकको अनुमान फरक फरक रहेको छ । सरकारले ६% आर्थिक वृद्धिदर हुने अनुमान गरेको छ भने एसियाली विकास बैंकले ४.९% र विश्व बैंकको ३.९% आर्थिक वृद्धिदर हुने प्रक्षेपण गरेको छ। नेपालको कुल ग्रार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा २७% छ भने कृषिमा धानको योगदान २०% रहेको छ।

भन्सार विभागका अनुसार आ.व २०७९/८० माघ महिना सम्ममा नेपालले २५ अर्ब ७८ करोड रुपैयाँ भन्दा धेरैको धान चामल आयात भएको छ। गत वर्षको समीक्ष अवधिमा ३५ अर्ब ६३ करोड रुपैयाँको धान चामल नेपाल भित्रिएको थियो। तथ्यांक हेर्दा यस बर्ष नेपालमा धान चामल आयातमा १० अर्ब हाराहारीको गिरावट आएको छ । यस आ.व. मा बिउको लागि ४ करोड २७ लाख ७० हजार रुपैयाँको १ लाख ३१

हजार २१३ किलो धान आयात भएको छ। यस्तै चामलको प्रयोजनका लागि १४ अर्ब २६ करोड ३ लाख रुपैयाँ बराबरको ३९ करोड ४६ लाख किलो धान नेपालले आयात भएको हो। कृषि मन्त्रालयले जारी गरेको तथ्यांक अनुसार आर्थिक वर्ष २०७८/०७९ मा नेपालमा ५१ लाख ३० हजार ६२५ मेट्रिक टन धान उत्पादन भएको थियो भने आ.व. २०७९/८० मा ५४ लाख ८६ हजार ४७२ मेट्रिक टन धान उत्पादन भएको छ। गत वर्षको भन्दा यस बर्ष ३ लाख ५५ हजार ८४७ मेट्रिक टन धान बढी फलेको हो।

यो वर्ष प्रतिहेक्टर उत्पादकत्व ३.७९ प्रतिशतले वृद्धि हुँदा समग्र धान उत्पादन वृद्धिदर गत वर्षको भन्दा ६.९४ प्रतिशतले बढेकोहो। यो वर्ष २० हजार हेक्टर क्षेत्रफलमा धान उत्पादन घटेको तथ्यांक छ। गत वर्ष कुल १४ लाख ७७ हजार ३७८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएकोमा यस वर्ष १४ लाख ४७ हजार ७८९ हेक्टर क्षेत्रफलमा रोपाइँ भएको थियो। मधेस प्रदेशमा सबैभन्दा बढी ३ लाख ७५ हजार ३ सय ४० हेक्टर क्षेत्रमा रोपाइँ भएको थियो। गत वर्षको तुलनामा सो ठाउँमा ०.१८% ले उत्पादन बढेर १३ लाख ८६ हजार ३ सय २८ टन धान उत्पादन भएको थियो। नेपालीले औसत बार्षीक ११२ केजी चामल उपभोग गर्ने भए तापनि त्यो दर बढेर १३० केजी पुगेको छ।समिक्षा अवधिमा चामल आयातबाट नेपालले १ अर्व ४ करोड ६२ लाख २३ हजार राजस्व संकलन गरेको छ।

व्यापार घाटा घटाउन कि त आयात प्रतिस्थापन गर्नुपर्ने हुन्छ, कि त देशको निर्यात बढाउनुपर्ने हुन्छ। पाँच वर्षमा उद्योगको वृद्धिदर ३% भन्दा कम छ। न्यून उत्पादन, दैनिक उपभोगदेखि विलासिता सम्मका वस्तुहरू र रेमिट्यान्सले बढाएको उपभोगका कारण व्यापार घाटा चुलिँदै गएको छ। यस्तै स्वदेशी वस्तुका लागि चाहिने कच्चा पदार्थको देशमा अभाव छ। मूल्य अभिवृद्धि हुने वस्तुको विदेशमा खोज नभएको, वस्तु गुणस्तर तथा प्रमाणीकरणको अभाव जस्ता कारणले नेपालको व्यापारघाटा कम हुन सकेको छैन। देशमा गुणस्तरीय परीक्षण प्रयोगशालाको विकास गरी गुणस्तरहीन विदेशी सामानलाई प्रतिबन्ध लगाउनु पर्ने हुन्छ।

पेट्रोलियम पदार्थ, इलेक्ट्रोनिक्स सामग्री, अटोमोबाइल, गरगहना, कस्मेटिक लगायतको आयात निकै बढेको छ। नेपाल उद्योग वाणिज्य महासंघका पूर्वअध्यक्ष भवानी राणा व्यापाघाटा दिन प्रतिदिन बढ्दो अवस्थामा भएकाले स्वदेशी वस्तुको निर्यात बढाउनु नै उपयुक्त उपाय भएको बताउछिन्। यसका लागि सरकारले निर्यात अनुदानलाई प्रभावकारी र सरलीकरण गुर्नपर्छ। निर्यातमा उल्लेख्य योगदान दिने र उच्च मूल्य अभिवृद्धि गर्न सक्ने उत्पादनलाई प्रोत्साहन दिने गरी नीतिगत व्यवस्था गरिनुपर्ने उनको भनाई छ।

## १२. खुम्चिँदो निर्यातमा मौलाएको व्यापार घाटा

चालू आर्थिक वर्षको पहिलो चार महिनामा वैदेशिक व्यापारका सबै सूचकांकमा गिरावट आएको छ भने कुल व्यापारमा निर्यातको हिस्सा उल्लेख्य रूपले घटेको छ। अघिल्लो आ.व.मा निर्यातको हिस्सा दोहोरो अंकमा रहेको भए पनि यस वर्ष पुनः एकल अंकमा झरेको छ। अघिल्लो आ.व.को कात्तिकसम्मको अवधिमा कुल व्यापारमा निर्यातको हिस्सा ११.२१% रहेकोमा चालू आ.व.को कात्तिकसम्म भने ९.३२ % सीमित भएको छ। भन्सार विभागका अनुसार साउनदेखि कात्तिकसम्म ५ खर्ब ८७ अर्ब ४६ करोड ६५ लाख रुपैयाँ बराबरको वैदेशिक व्यापार भएकोमा निर्यात भने ५४ अर्ब ७७ करोड ४३ लाख रुपैयाँमा सीमित छ। सो अवधिमा ५ खर्ब ३२ अर्ब ६९ करोड १३ लाख रुपैयाँ बराबरको वस्तु आयात भएको छ। आयात, निर्यात दुवैमा कमी आएसँगै व्यापारघाटामा पनि उल्लेख्य कमी आएको भए पनि अर्थतन्त्र चलायमानमा समस्या आउन सक्ने संकेतहरु देखिन थालेका छन्।

निर्यात व्यापारमा सबैभन्दा बढी ३३.३ % ले कमी आएको छ भने आयात १८.०८ % तथा कुल व्यापारघाटामा १५.८८ % ले कमी आएको छ। भन्सार विभागमा अनुसार अघिल्लो कात्तिकसम्म ७ खर्ब ३२

अर्ब ४१ करोड ८६ लाख रुपैयाँको वैदेशिक व्यापार भएको थियो । यस वर्ष १९.७९ % ले व्यापार घटेको छ । चार महिनामा सबैभन्दा बढी डिजेल ४४ अर्ब २८ करोड, पेट्रोल २३ अर्ब ६९ करोड, एलपी ग्यास १९ अर्ब ६४ करोड र हवाई इन्धन ७ अर्ब ४५ करोड रुपैयाँ बराबरको भित्रिएको छ जुन वस्तु नेपालमा उत्पादन हुन नसक्ने हुनाले बाध्यकारी बनेको छ ।

नेपालले डिजेल आयातबाट १४ अर्ब ५४ करोड ६१ लाख रुपैयाँ, पेट्रोल आयातबाट १२ अर्ब ७५ करोड १३ लाख रुपैयाँ, एलपी ग्यासबाट ३ अर्ब ६६ करोड ३९ लाख रुपैयाँ तथा एटीएफ आयातबाट १ अर्ब ११ करोड ११ लाख रुपैयाँ राजस्व संकलन भएको छ। यो अवधिमा २ अर्ब २ करोड रुपैयाँको बिटुमिन आयात भएको छ। समग्र वैदेशिक व्यापारमा आयातको हिस्सा ९०.६८% र निर्यात ९.३२ % हुनाले स्वदेशी वस्तुको उत्पादन निकै दयनीय हुँदै आएको कुरा स्वीकार्नुको विकल्प छैन। अघिल्लो वर्षको सोही अवधिमा आयातको हिस्सा ८८.७९% र निर्यातको हिस्सा ११.२१% रहेको थियो । कोरोना पछिको समयमा पनि निर्यात बढाउन नसक्नु नेपालको लागि सकारात्मक सूचक मान्न सकिदैन । यस अवस्थामा देश किन जाँदैछ भनेर राज्यको तर्फबाट आम व्यवसायी, उद्योगी र अर्थशास्त्रीहरुको सामुहिक मन्थन चलायर समस्या पहिचान गर्दै त्यसको निकास निकाल्ने कार्य अविलम्ब थालिनुपर्छ ।

## १३. साना तथा मझौला उद्योगमा रोजगारीको संभावना

लघु, घरेलु, साना तथा मझौला उद्योग आफ्नो सीमित स्रोतबाट सञ्चालित हुँदै अर्थतन्त्रलाई चलायमान बनाउने उद्यमका रुपमा विकसित छ। एमएसएमईहरूलाई पूँजी लगानी, वार्षिक बिक्री, सम्पति, कर्मचारी आदिका आधारमा परिभाषित गर्ने गरिएको छ । विश्व बैंकले गरेको एक अध्ययनका अनुसार औपचारिक रूपमा दर्ता भएको घरेलु तथा साना उद्योगहरूले कूल रोजगारीको ६०%, नयाँ औपचारिक रोजगारी सिर्जनाको ८०% र उदीयमान अर्थतन्त्रमा राष्ट्रिय आयमा कुल गार्हस्थ्य उत्पादनको ४०% योगदान गर्ने कुरा उल्लेख छ । नेपालको अर्थतन्त्रमा यस्ता उद्योगले करिब २२% योगदान पुऱ्याएको र २० लाखलाई रोजगारी दिइरहेको तथ्यांक छ ।

नेपालको कूल ग्राहस्थ उत्पादन र रोजगारीको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याएको साना तथा मझौला उद्योगहरुले आनो व्यवसायको शुरुवात र प्रर्बद्धन गर्नका लागि वित्तीय साधन तथा उत्पादनहरुको खासै उपभोग गर्न नपाएको राष्ट्र बैंकले गरेको एक अध्ययनले देखाएको छ। अध्ययनका अनुसार नेपालमा साना तथा मझौला व्यवसायले कुल गार्हस्थ्य उत्पादनमा २२ % योगदान पुऱ्याउनुका साथै करिब १७ लाख रोजगारी सृजना गरेको भनेको छ । नेपालको साना तथा मझौला व्यवसायको फाइनान्सिङको अवस्था हेर्दा २०७६ असार मसान्तमा कृषि, ऊर्जा र पर्यटन क्षेत्र बाहेकका साना तथा मझौला उद्योगमा बैंक तथा वित्तीय संस्थाहरुको कुल वक्यौता कर्जाको ३.२६% कर्जा प्रवाह गरेको थियो । आ.व. २०७९/८० को माघ महिनासम्मा आउँदा यो अवस्थामा गिरावट आई १.२५% मा सीमित भएको छ ।

साना तथा मझौला उद्योगहरुको भूमिका सबै अर्थतन्त्रमा महत्वपूर्ण हुन्छ। उनीहरुले रोजगारी सिर्जना, कुल गार्हस्थ्य उत्पादन र निर्यात प्रवर्द्धनमा उल्लेख्य योगदान पुऱ्याउने गरेका छन्। उदीयमान अर्थतन्त्र भएका मुलुकहरुमा साना तथा मझौला उद्योगहरुले कुल रोजगारीमा ६०% र कुल गार्हस्थ्य उत्पादनमा ४० % सम्म योगदान गरेको देखिन्छ। एसिया प्रशान्त क्षेत्रमा कूल व्यवसायको ९६% साना तथा मझौला उद्योग रहेको छ । यिनीहरुले कूल जनशक्तिको ६२ % लाई रोजगारी दिईरहेका छन् । एसियाली विकास बैंकका अनुसार भारत र चीनमा साना तथा मझौला उद्योगहरुले निर्यातको ४० % हिस्सा ओगटेका छ ।

नेपालमा अधिकांश साना तथा मझौला व्यवसायले वित्तीय साधन बैंकिङ क्षेत्र बाहेकका स्रोतबाट जुटाएको देखाएको छ। अध्ययनमा समावेश भएका साना तथा मझौला उद्योगहरुले औसतमा ३३% पैतृक सम्पत्तिको

स्रोतबाट, २६% आफ्नै बचतबाट, १६% बैंक तथा वित्तीय संस्थाबाट र बाँकी अन्य स्रोतहरुबाट स्थापनाकालीन वित्तीय साधन परिचालन गरेको देखिएको छ ।

सञ्चालनमा आएपछि भने उनीहरुले बैंक तथा वित्तीय साधनहरुको उपभोग गर्न पाएको अध्ययनले देखाएको छ । सञ्चालनमा रहेका मध्ये करिब ५०% साना तथा मझौला व्यवसायले बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिएको र तीमध्ये पनि ८५% ले वाणिज्य बैंकबाट वित्तीय साधन प्राप्त गर्ने गरेको तथ्य फेला परेको छ ।

उद्यमीहरुले बैंकिङ क्षेत्रबाट कर्जा प्राप्त गर्न घरजग्गा धितोको आवश्यकता र प्रक्रियागत झन्झटलाई प्रमुख समस्याका रुपमा मानेका छन् । संस्थागत क्षमताको विकास हुन नसकेको र कर्जा दुरुपयोगको सम्भावना रहेको कारण साना तथा मझौला व्यवसायहरुमा पर्याप्त कर्जा प्रवाह हुन सकेको छैन ।

नेपालमा साना तथा मझौला व्यवसायको फाइनान्सिङको लागि प्रयाप्त भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी कम्पनीहरुको विकास हुन सकेको छैन । केही भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी कम्पनीहरु सञ्चालनमा रहेको छन् । यस्ता कम्पनीहरुलाई प्रवर्द्धन गर्न नेपाल धितोपत्र बोर्डबाट विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ जारी भएको छ । पूँजी बजारतर्फ भने साना तथा मझौला उद्योगहरुको लागि छुट्टै धितोपत्र बजारको व्यवस्था छैन । नेपालमा साना तथा मझौला व्यवसायको फाइनान्सिङको समस्या छ । हाल सक्रिय १३ हजार ५ सय ७८ बचत तथा ऋण सहकारी संस्था सहित ३४ हजार ५ सय १२ सहकारी संघसंस्थाहरुले साना तथा मझौला उद्योगहको फाइनान्सिङमा सहयोग गरेका छन् ।

## १४. निष्कर्ष

स्वदेशी उत्पादनलाई प्रोत्साहित गर्दै निर्यात प्रवर्द्धनमा टेवा दिने उद्देश्यले राज्यस्तरमा विभिन्न नीति, योजना तथा कार्यक्रम लागू भए पनि त्यसले अपेक्षित योगदान दिन सकेको छैन । राज्य स्तरबाट स्वदेशी लगानी प्रवर्धन गरी निजी, सहकारी र पब्लिक पार्टनरसिपको अवधारणामा लगानी मैत्री वातावरण सिर्जना गरेर स्वदेशी वस्तुको उत्पानद बढाउन सकेको खण्डमा निर्यात बढेर जाँदा आयात घट्छ । सरकारले उत्पादनका क्षेत्रहरु पहिचान गरी लगानी योग्य वातावरण बनाउन सकेमा स्वदेशी वस्तुको आपूर्ति श्रृंखलामा ब्रेक थ्रोको अवस्था आउन सक्छ । नीति तथा कार्यक्रम, राष्ट्रिय बजेट र आवधिक योजनामा खास महत्वका साथ स्थान दिएर त्यसको भूमिका निर्यात प्रवर्द्धनलाई प्राथमिकतामा राखी प्रभावकारी कार्यान्वयनमा लैजानु आवश्यक छ । यति गर्न सकेको खण्डमा स्वदेशी उत्पादन मात्र बढ्दैन यसको वजार पनि सँगसँगै बढेर जान्छ । नेपालले स्वदेशी विद्युतीय सवारी साधन उत्पादनमा जोड दिने, सिडबैंकको स्थापना गर्ने जस्ता काममा तत्काल ध्यान दिनुपर्छ । यति गरेको खण्डमा स्वदेशी उद्योगको विकास र प्रवर्धन गर्दै स्वदेशी वस्तु उत्पादन तथा उपभोगको वातावरण बनाउन सकेको खण्डमा आयात घट्ने र मुद्रा सञ्चितिदर बढेर नेपालमा रोजगारीका संभावनाहरु वृद्धि हुनेछ ।

## सन्दर्भसूची


१. सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५
२. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९
३. विदेशी लगानी नीति, २०७१
४. विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५
५. औद्योगिक तथ्यांक २०७९
६. नेपालको वजेट आ.व २०७९/८०
७. वाणिज्य नीति २०७२
८. औद्योगिक व्यवसाय ऐन २०७६
९. नेपालको संविधान २०७२

# लघु, घरेलु तथा साना उद्योगको वर्तमान अवस्था, भूमिका, समस्या र चुनौतीहरू

शोभा गुरुङ्ग[1]

## नेपाल घरेलु तथा साना उद्योग महासंघः संक्षिप्त परिचय

लघु, घरेलु तथा साना उद्योगहरुको हक र हितको संरक्षण र सम्बर्द्धन गर्दै यस क्षेत्रको विकास र प्रवर्द्धन मार्फत मुलुकलाई औद्योकिरणतर्फ उन्मूख गराउने उद्देश्यका साथ २०४७ सालमा स्थापना भएको नेपाल घरेलु तथा साना उद्योग महासंघको संजाल मुलुकभर रहेको छ । ३५ हजार भन्दा बढी उद्यमी साधारण सदस्य रहेको यस महासंघ अन्तर्गत २७ वटा वस्तुगत संघहरु संस्थागत सदस्यको रुपमा आबद्ध छन् । महासंघमा एसोसियट सदस्यहरु र सहकारी सदस्यहरु समेत रहेका छन् । साथै ११ हजार भन्दा बढी महिला उद्यमीहरु सदस्य रहेको र ६२ जिल्लामा जिल्ला महिला उद्यमी समिति विस्तार भएको र केन्द्रमा केन्द्रीय महिला उद्यमी समिति कृयाशिल रहेको छ । महासंघको ७ वटै प्रदेश, ७७ वटै जिल्ला र ३०० भन्दा बढी पालिकाहरुमा संगठन विस्तार भएको छ भने ७ वटै प्रदेश, ६२ वटा जिल्ला र पालिकाहरुमा महिला उद्यमी समिति क्रियाशिल रहेका छन् ।

## लघु, घरेलु तथा साना उद्योगको पृष्ठभूमि

नेपालमा लघु, घरेलु तथा साना उद्योगको विकास सदियौं अगाडिदेखि हुदै आएको देखिन्छ । त्यसबेला स्थानीय आवश्यकताहरु यस्तै साना उद्योगहरुद्वारा परिपूर्ति हुने गर्थे । वि.स.१९८३ मा स्थापना गरिएको त्रिचन्द्र कामधेनु चर्खा प्रचारक महागुठी तथा वि.स. १९९४ मा स्थापना गरिएको नेपाली कपडा र घरेलु इलम प्रचार अड्डाले नेपालमा घरेलु उद्योगको विकासतर्फ संस्थागत प्रयास सुरु गरको देखिन्छ । यसरी लघु, घरेलु तथा साना उद्योगको विकास हुन थाले पनि यस क्षेत्रको पर्याप्त विकासको निमित्त स्थायी नीति तथा कार्यक्रमहरुको अभाव तथा यस क्षेत्रले आयातित तथा अन्य सामानहरुसंग गर्नु परेको असमान प्रतिस्पर्धाले गर्दा यसको उचित विकास हुन सकेन । नेपालको भूबनोट, प्रविधि तथा पूँजीआदिका कारणले गर्दा पनि यहां ठुला उद्योग भन्दा सानाउद्योग नै बढी सफल हुन सक्ने सम्भावनाहरु छन् । नेपालको निर्यात व्यापार गलैंचा, पश्मिना, तयारी पोशाक तथा हस्तकलामा आधारित भएको कारणले पनि लघु, घरेलु तथा साना उद्योगले देश विकासमा राम्रो टेवादिन सकेको देखिन्छ । यी निर्यातमूलक उद्योगहरु अधिकांश लघु, घरेलु तथा साना उद्योगकै रुपमा छन् । लघु, घरेलु तथा साना उद्योगमा संख्यात्मक वृद्धि देखिनुका साथै यसले महत्वपुर्ण रोजगारीको अवसर पनि सृजना गरेको छ ।

## लघु, घरेलु तथा साना उद्योगको परिभाषा

### लघु उद्योग

- घर जग्गा बाहेक बढीमा २० लाख सम्म स्थिर पूँजी रहेको
- उद्यमी स्वयम् उद्योगको संचालन र व्यवस्थापनमा संलग्न रहेको
- उद्यमी सहित बढीमा ९ जना कामदार रहेको
- वार्षिक कारोवार १ करोड रुपैया भन्दा कम रहेको

१ उपाध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ